बैठक नं. - ४

श्री

आज मिति २०७४ साल मंसिर ७ गते बुधबार बिहान ७ बजे यस चन्द्रनगर गाँउपालिका गाँउ कार्यपालिका कार्यालयको अध्यक्ष श्री महेन्द्र महतो ज्यू को अध्यक्षतामा बसेको बैठकमा तपसिल अनुसारको उपस्थिति भयो।

तपसिल

| | | |
|---|---|---|
| [signature] | गा.पा. अध्यक्ष | श्री महेन्द्र महतो |
| विणादेवीसाह | ,, उपाध्यक्ष | श्री विणा देवी साह |
| Bachchey | गा.पा. वडा नं. १ अध्यक्ष | श्री बच्चे राय |
| राम नारायण महतो | ,, ,, २ अध्यक्ष | श्री रामनारायण महतो कोइरी |
| [signature] | ,, ,, ३ अध्यक्ष | श्री सीताराम महतो |
| जगदिशप्रसाद | ,, ,, ४ अध्यक्ष | श्री जगदिश प्र. साह तेली |
| [signature] ०७४।०८।०७ | ,, ,, ५ अध्यक्ष | श्री नन्दलाल राय |
| [signature] | ,, ,, ६ अध्यक्ष | श्री रामचन्द्र कापर |
| [signature] | ,, ७ अध्यक्ष | श्री रामनारायण ठकुर दनुवार |
| [signature] | ,, का.स. | श्री मधुनी कुमिया बिन |
| | ,, ,, | श्री मुसलीम मंसुर - |
| लिलियादेवी | ,, ,, | श्री लिलिया देवी |
| | ,, ,, | श्री समिना बेगम - |

चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
२ नं. प्रदेश, नेपाल

**गाउँ कार्यपालिकाको बैठकका लागि प्रस्तावहरु :**

प्रस्ताव नं. १.स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. २. अनुगमन समिति गठन सम्वन्धमा ।

प्रस्ताव नं. ३ गाउँपालिका पार्श्वचित्र(village profile) सम्वन्धमा ।

प्रस्ताव नं. ४ गाउँपालिकाको लागी समाग्री खरिद गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ५ वैठक भत्ता सम्वन्धमा ।

प्रस्ताव नं. ६ जनसहभागिता सम्वन्धमा ।

प्रस्ताव नं. ७ सशर्त अनुदान तर्फको नियमित कार्याक्रम सँचालन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ८ पुष मसान्त सम्मको लागी चालु वजेट विनियोजन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ९ जिल्ला दररेट लागु गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १० ग्रेवल तथा गिट्टी बलुवा सम्वन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस चन्द्रनगर गाउँपालिकामा देहायअनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

श्री महेन्द्र महतो ( गाउँपालिका अध्यक्ष ) - संयोजक

श्रीमति विणा देवी साह (गाउँपालिका उपाअध्यक्ष) - सदस्य

श्री पति देवी माझी (सदस्य गाउँ कार्यपालिका) - सदस्य

श्री रामचन्द्र कापड ( वडा अध्यक्ष - ६ नं. वडा/.सदस्य गाउँ कार्यपालिका) - सदस्य

श्री जगदिश प्रसाद साह तेली ( वडा अध्यक्ष - ४ नं. वडा /सदस्य गाउँ कार्यपालिका) - सदस्य

श्री वच्चे राय ( वडा (अध्यक्ष - १ नं. वडा /सदस्य गाउँ कार्यपालिका) - सदस्य

श्री टेक प्रसाद भट्टराई ( प्रमुख प्रशासकिय अधिकृत ) - सदस्य सचिव

उक्त सम्बन्धमा गठित समितिको कार्यपालिका बैठकमा जानकारीका लागि ।

**निर्णय नं.२** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिका वडा नं. १ देखी वडा नं. ७ सम्म सँचालनमा रहेका योजनाहरुको अनुगमन,निरिक्षण एवम फरफारक को लागी सिफारिस गर्न गाउँपालिका स्तरीय मुल अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

१. अध्यक्ष श्री महेन्द्र महतो
२. सदस्य श्री विणा देवी साह
३. सदस्य श्री मोंहरलालमहतो
४. सदस्य श्री नन्दलाल राय
५. सदस्य श्री समिना वेगम
६. सदस्य श्री रामनारायण महतो कोईरी
७. सदस्य सचिव श्री मोहरलाल महतो ( ईन्जिनियर )

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको गाउँपालिका पार्श्वचित्र(village profile) तयार गरी प्रकाशन गर्नको लागी रु १०,००,०००/- (अक्षेरुपी दश लाख मात्र ) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिका कार्यालय सँचालनको लागी तपसिलको समाग्री ( समानहरु ) खरिद गर्नको लागी तपसिल वमोजिमको वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

**ब.उ.शि.नं.**६०२११०३
**बजेट खर्च शिर्षक नं.** २६३२२

| सि.नं. | वजेट शिर्षक नं. | शिर्षक | विनयोजित रकम ( रु) |
|---|---|---|---|
| | | मेसनरी औजार तथा अन्य उपकरण ल्यापटप ३ थान | २५५००० |
| | | कार्यालय सजावट सम्बन्धी | ५००००० |
| | | कलर फोटो प्रीन्टर १ थान | ४०००० |
| | | रिभोल भिङ्ग कुर्सी २ थान | ४०००० |

आन्तरिक श्रोतबाट भुतानी हुनेगरी

| सि.नं. | वजेट शिर्षक नं. | शिर्षक | विनयोजित रकम (रु) |
|---|---|---|---|
| | | सवारी साधन मोटर साईकल १ थान | ३००००० |

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका / वडा समिति / विषयगत समिति तथा गाउँपालिकाको अन्य वैठकमा सहभागीहरुलाई चन्द्रनगर गाउँपालिका, गाउँ कार्यपालिकाको प्रथम वैठक देखी नै लागु हुने गरी कर सहित रु १०००/- ( अक्षेरुपी एक हजार रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका भित्र रहेको वडा नं. १ देखी ७ सम्म गाउँ कार्यापालिकाको वैठकको निर्णयवाट वजेट विनियोजन भई उपभोक्ता समिति मार्फत सँचालन हुने सवै योजनाहरुको लागी १० ( दश ) प्रतिशत जनसहभागिता अनिवार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गउँपालिका अन्तरगत समाहित भएका बिषयगत शाखा/ कार्यालयहरुका लागि नेपाल सरकारबाट बाँडफाँड सहित प्राप्त चालु एवं सशर्त अनुदान रकमलाई अनुमोदन गरी सोही अनुसार वजेट तथा कार्यक्रम सँचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँ कार्यापालिकाको गाउँ सभा भई नसकेको हुदा कार्तिक महिना देखी गाउँ सभा सम्पन्न नहुदा सम्म चालु खर्च शिर्षक अन्तरगत तपसिल वमोजिमको वजेट विनियोजन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | खर्च शीर्षक नं. | कार्यक्रम | बजेट रकम |
|---|---|---|---|
| १ | २११११ | तलब | २५००००० |
| २ | २१११३ | भत्ता | ५०,००० |
| ३ | २१११९ | अन्य भत्ता | ३००००० |
| ४ | २२१११ | पानी तथा बिजुली | १७०००० |
| ५ | २२११२ | संचार महशुल | ३००००० |
| ६ | २२१२१ | घरभाडा | ३००००० |
| ७ | २२२११ | इन्धन | ४००००० |
| ८ | २२२१२ | सञ्चालन तथा मर्मत | ४००००० |
| ९ | २२३११ | कार्यालय सम्बन्धी खर्च | १२००००० |
| १० | २२४११ | सेवा र परामर्श खर्च | ३००००० |
| ११ | २२४१२ | अन्य सेवा | ५००००० |

| | | | |
|---|---|---|---|
| १३ | २२५२९ | विविध कार्यक्रम | २००००० |
| १४ | २२६१२ | भ्रमण खर्च | २००००० |
| १५ | २२७११ | विविध खर्च | ३००००० |
| १६ | | भैपरी खर्च | २००००० |
| १७ | | विज्ञापन तथा सूचना प्रकाशन र प्रसारण | २००००० |
| | | **चालु खर्चको जम्मा** | ७८२०००० |
| | | **कूल जम्मा** | |

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा स्थानिय सरकार सँचालन ऐन, २०७४ को दफा १३ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवा प्रयोजनको लागी निर्माण समाग्री, ज्याला ,भाडा तथा महसुल स्थानिय न्युनतम दररेट तोक्नु पर्ने प्रवधान रहेको हुदा यस गाउँपालिकाले आफ्नो स्थानिय न्युनतम दररेट तोकि नसकेकोले हाललाई यस जिल्लाको न्युनतम दररेट लाई नै आधार मानी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिका भित्रका सार्वजनिक निर्माण तथा विकास योजना सँचालन गर्दा आवश्यक पर्ने ग्रेवल यस जिल्लामा रहेको वाँके खोलाको ग्रेवल सवभन्दा उच्च गुणस्तरको रहेको भनि प्राविधिकवाट प्रस्ताव आएको हुदा यस गाउँपालिका भित्र वाँके खोलाको ग्रेवल मात्र प्रयोग गर्ने निर्णय गरियो ।

प्रमाणित

२०७८ ०८ ०६